# नेपाल हस्तकला महासंघ

मुखपत्र

वर्ष १४ जेष्ठ २०६४ अंक ७८

## महासंघको २७औं वार्षिक साधरण सभा सम्पन्न

*माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री राजेन्द्र महतोको प्रमुख आतिथ्यमा संघको २७ औं वार्षिक साधारण सभा २०६४ जेष्ठ ४ र ५ गते काठमाडौंमा आयोजित एक विशेष कार्यक्रमबीच सम्पन्न भयो । कार्यक्रमको प्रारम्भमा यस संघका अध्यक्ष श्री पंचरत्न शाक्यले उपस्थित विशिष्ट अतिथि, अतिथि, उद्योगी, निकासीकर्ता तथा महासंघका सम्पूर्ण सदस्य महानुभावहरुको कार्यक्रममा स्वागत गर्नुभयो । सो क्रममा उहाँले देशको आर्थिक विकासमा हस्तकला उद्योग व्यवसायको महवपूर्ण योगदान रहेको चर्चा गर्दै समग्र हस्तकला क्षेत्रको प्रबर्द्धनका लागि महासंघले निर्वाह गर्दै आएको भूमिका र यसका प्रमुख गतिविधिहरुबारेमा प्रकाश पार्नुभयो । हस्तकला वस्तुको निकासी प्रबर्द्धनमा टेवा पुऱ्याउन महासंघको पहलमा स्थापित हस्तकला डिजाइन तथा विकास केन्द्रबाट पश्मिना, हाते कागज, चाँदी गरगहना, काष्ठकला एवं अन्य हस्तकला वस्तुको डिजाइन विकास तथा गुणस्तर अभिबृद्धिका लागि कार्यहरु भइरहेको बताउँदै यस क्षेत्रको विकासमा तिब्रता ल्याउन हस्तकला ग्राम स्थापनाको लागि प्राथमिकता पूर्वक लाग्न सरकारको ध्यानाकर्षण गर्नुभयो । यसैगरी उहाँले हस्तकला व्यवसायमा विद्यमान विभिन्न समस्याहरु औल्याउँदै सहज रुपमा हस्तकलाको निकासी एवं व्यवसायिक विकासका लागि समयसापेक्ष आवश्यक नीति तर्जुमा गर्नुपर्नेमा जोड दिनुभयो ।*

सो अवसरमा शुभकामना मन्तव्य व्यक्त गर्दै नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष श्री सुरेन्द्रबीर मालाकारले धेरै नागरिकहरुलाई रोजगारीको अवसर प्रदान गरी देशको आर्थिक समुन्नतिका लागि हस्तकला उद्योगले महत्वपूर्ण योगदान गरेको बताउँदै हस्तकलाको दीगो व्यवसायिक विकासका लागि विद्यमान नीतिगत एवं कानूनी व्यवधान कम गर्नुपर्ने, विश्व बजारको चाहना अनुरुप नवोदित वस्तुको उत्पादन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । मन्तव्यको क्रममा देशको आन्तरिक द्वन्दले गर्दा घरेलु, साना तथा अन्य उद्योगहरुमा गम्भीर असर परेको चर्चा गर्दै नेपाल उद्योग, वाणिज्य महासंघका तृतीय उपाध्यक्ष श्री आजाद श्रेष्ठले हस्तकला लगायत अन्य उद्योगहरुको स्थिति उकास्न तथा व्यवसायिक वातावरण कायम गर्न सरकारले पुनर्स्थापन कोषको प्रभावकारी संचालन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । तत्पश्चात पानसमा दीप प्रज्वलन गरी प्रमुख अतिथिबाट महसंघको २७ औं वार्षिक साधरण सभाको उद्धाटन गर्नुभयो । उक्त अवरमा उहाँले आ.व. २०६२/६३ मा अत्याधिक हस्तकलाका वस्तु निकसी गर्ने उत्कृष्ट निकासीकर्ता फर्म/कम्पनी, उत्कृष्ट उद्यमी, कलाकार, कर्मचारीलाई कदरपत्र तथा उपहार प्रदान गर्नुभयो । उक्त अवसरमा सभा सम्बोधन गर्दै प्रमुख अतिथि एवं माननीय मन्त्रीज्यूले ऐतिहासिक परिवर्तनपछि जनताको चाहना अनुरुपको आर्थिक सामाजिक परिवर्तन एवं सुव्यवस्थामार्फत नेपालको दीर्घकालिन विकासका लागि आठ दल युद्धस्तरमा लागिरहेको बताउँदै आगामी दिनमा हस्तकला उद्योग व्यवसायको समग्र विकासका लागि महासंघको भूमिका अझ सशक्त होस भन्ने कामना गर्नुभयो । सो क्रममा उहाँले हस्तकला व्यवसाय तथा निकासीमा विद्यमान समस्या निराकरण गर्न तथा हस्तकला लगायत घरेलु तथा साना उद्योगको दीगो विकास गर्न सरकार सदैव तत्पर रहेको बताउँदै यस क्षेत्रको समग्र विकासका लागि सरकारले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । अन्तमा यस महासंघका प्रथम उपाध्यक्ष श्री विकासरत्न धाख्वाले प्रमुख अतिथि लगायत कार्यक्रममा उपस्थित सम्पूर्ण अतिथि वर्ग, सदस्य महानुभावहरु, हस्तकला उद्यमी व्यवसायीहरुमा भनयवाद ज्ञापन गर्नुभयो । सो क्रममा उहाँले महासंघको उद्देश्य, लक्ष्यबारेमा प्रकाश पार्दै जिल्ला एवं वस्तुगत संघहरुको प्रबर्द्धन मार्फत अधिराज्यभरी छरिएर रहेका हस्तकलाको विकास गर्न, यस क्षेत्रमा विद्यमान समस्यको निराकरण गरी सम्बन्धित व्यवसायीहरुको आवश्यकतामा आधारित गतिविधिहरु संचालन गरी महासंघ निरन्तर लाग्ने बताउँदै सरकार तथा सम्बन्धित व्यसायीहरुबाट आवश्यक सहयोगको अपेक्षा गर्नुभयो ।




महासंघका अध्यक्ष श्री पञ्चरत्न शाक्य स्वागत मन्तव्य दिनुहुँदै

## उत्कृष्ट वस्तुगत संघको उपाधि प्रदान

नेपाली हस्तकला उद्योग व्यवसायको विकास, विस्तार तथा प्रबर्द्धनका लागि यस महासंघले स्थापनाकालदेखि विभिन्न प्रबर्द्धनात्मक गतिविधिहरु संचालन गर्दै आएको छ । सदस्य उद्यमी व्यवसायीहरुको हित प्रबर्द्धनका लागि महासंघले आवश्यकतामा आधारित विविध गतिविधिहरु संचालन गर्नुका साथै व्यवसाय प्रबर्द्धनका लागि व्यापार मेला तथा प्रदर्शनी आयोजना लगायत विद्यमान व्यवसायिक समस्या

समाधान गरी व्यवसायिक प्रक्रियालाई सहज बनाउन यस महासंघले उद्यमी व्यवसायीहरुलाई उपयुक्त सेवाहरु प्रदान गर्दै आएको छ । यस सन्दर्भमा महासंघको सेवा एवं व्यवस्थापनको कदर गर्दै नेपाल उद्योग वाणिज्य महासंघबाट वि.सं. २०५७ र वि.सं. २०६१ मा उच्कृष्ट वस्तुगत संघको उपाधि प्रदान गरिसकेको छ । यसै क्रममा नेपाल उद्योग वाणिज्य महासंघले आफ्नो ४1औं वार्षिक साधारण सभाको उपलक्ष्यमा उद्योग, व्यापार व्यवसायको प्रबर्द्धन र विकासमा संस्थागत योगदान पुऱ्याएकोमा कदर स्वरुप २०६४ जेष्ठ २० गते यस महासंघलाई वस्तुगत संघहरुमध्येमा उत्कृष्ट संघको उपाधि प्रदान गरी सम्मान गरिएको छ ।

## दोस्रो शत्र

वार्षिक सभाको दोस्रो शत्रको प्रारम्भमा महासंघका अध्यक्ष श्री पञ्चरत्न शाक्यबाट आगामी वर्षको कार्यक्रम सम्बन्धमा नीतिगत सम्बोधन प्रस्तुत गर्दै समग्र हस्तकला क्षेत्रको विकासका लागि महासंघको दृष्टिकोण, कार्यशैली तथा प्राथमिकता के कस्तो रहने भन्ने सम्बन्धमा बताउनु भयो । सो क्रममा उहाँले महासंघको भावी मार्ग चित्र, सदस्यको क्षमता अभिबृद्धि, आन्तरिक श्रोत परिचालन, सरोकारवालासंगको सम्बन्ध, कार्यक्रम संचालनका अवधारण, व्यवसाय विकास सम्बन्धी बहस पैरवी तथा अन्य पहल बारेमा जानकारी प्रस्तुत गर्नुभयो । तत्पश्चात महासंघका महासचिव श्री हेमरत्न शाक्य र द्वितीय उपाध्यक्ष श्री किशोर शाक्यबाट क्रमशः महासंघको आ.व. २०६२/६३ को वार्षिक प्रतिवेदन र वासलात तथा वार्षिक आम्दानी खर्चको विवरण प्रस्तुत भई सभाबाट अनुमोदन गरिएको थियो । यसै शत्रमा सदस्य महानुभावहरुबाट प्रप्त विभिन्न प्रस्ताव तथा सुझाव सम्बन्धमा प्रस्तुत भई छलफल गरियो । यस क्रममा सभामा उपस्थित सहभागी सदस्य महानुभावहरुबाट प्रस्तुत विषयवस्तु सम्बन्धी विभिन्न जिज्ञासा राखिएकोमा महासंघका अध्यक्ष, महासचिव तथा द्वितीय उपाध्यक्षबाट तत् सम्बन्धमा स्पष्ट पारिएको थियो । साथै हस्तकलाको व्यवसायिक विकासका लागि महासंघले आगामी दिनमा निभाउनुपर्ने भूमिका सम्बन्धमा विभिन्न सुझावहरु समेत व्यक्त गरिएको थियो ।

वार्षिक साधारण सभाको दोस्रो दिन अर्थात २०६४ जेष्ठ ५ गते महासंघको आगामी दुई वर्षका लागि नयाँ पदाधिकारी तथा कार्यसमिति सदस्यहरुको चयनका लागि निर्वाचन सम्पन्न भयो । निर्वाचनबाट महासंघको अध्यक्षमा श्री पुष्करमान शाक्य निर्वाचित हुनुभयो । निर्वाचनको परिणाम घोषणापश्चात नव निर्वाचित महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यले हस्तकला उद्यमी व्यवसायीहरुमाझ मन्तव्य व्यक्त गर्नुहुँदै हस्तकला उद्योग व्यवसायको व्यापक विकास, विस्तार तथा प्रबर्द्धन लागि आफ्नो कालकार्यमा सशक्त रुपमा लाग्ने प्रण गर्दै आवश्यक मार्ग निर्देशन तथा सकारात्मक सहयोगका लागि नव निर्वाचित पदाधिकारी, कार्यसमिति सदस्यहरु तथा सम्पूर्ण हस्तकला उद्यमी व्यवसायीहरुमा अपील गर्नुभयो ।

निर्वाचनको परिणाम अनुसार आगामी २ वर्षका लागि देहाय बमोजिमको नयाँ कार्यकारिणी समिति गठन भएको छ ।

| क्र.सं. | पदाधिकारी/ का.स.सदस्य | पद |
|---|---|---|
| १. | श्री पुष्करमान शाक्य | अध्यक्ष |
| २. | श्री पंचरत्न शाक्य | निवर्तमान अध्यक्ष |
| ३. | श्री विकासरत्न धाख्वा | प्रथम उपाध्यक्ष |
| ४. | श्री हेमरत्न शाक्य | द्वितीय उपाध्यक्ष |
| ५. | श्री धर्मराज शाक्य | महासचिव |
| ६. | सुश्री रज्जु रञ्जितकार | सदस्य (संगठित) |
| ७. | श्री अनिकुमार शिल्पकार | सदस्य (संगठित) |
| ८. | श्रीमती दिव्यतारा तुलाधर | सदस्य (संगठित) |
| ९. | श्रीमती यशोदा बैद्य | सदस्य (संगठित) |
| १०. | श्री हरिबहादुर कार्की | सदस्य (संगठित) |
| ११. | श्री शम्भुगोविन्द ताम्रकार | सदस्य (व्यक्तिगत) |
| १२. | श्री सुरजमान बज्राचार्य | सदस्य (व्यक्तिगत) |
| १३. | श्री किशोरबज्र बज्राचार्य | सदस्य (व्यक्तिगत) |
| १४. | श्री यज्ञमान शाक्य | सदस्य (व्यक्तिगत) |
| १५. | श्री सिद्धिरत्न शाक्य | सदस्य (व्यक्तिगत) |
| १६. | सुश्री शोभा शाक्य | सदस्य (संस्थागत) |
| १७. | श्री सरोज बज्राचार्य | सदस्य (संस्थागत) |
| १८. | श्री दर्गा बिक्रम थापा | सदस्य (संस्थागत) |
| १९. | श्री निमा शेर्पा | सदस्य (संस्थागत) |



**महासंघको २७ औं वार्षिक साधारण सभाबाट निर्वाचित कार्यसमिति**

## आर्थिक वर्ष २०६२/६३
## उत्कृष्ट हस्तकला निकासीकर्ताहरु

| क्र.सं. | निकासी गर्ने फर्म /कम्पनीको नाम | निकासीकर्ता/ प्रतिनिधिको नाम | निकासी परिमाण रु. |
|---|---|---|---|
| १ | एभरेष्ट पश्मिना निटिङ्ग एण्ड विभिङ्ग इन्डष्ट्री | श्री कर्केनकुमार गुरुङ | १०,३९,३२,५७८/ |
| २ | कैलाश एक्सपोर्टस् | श्री कताक लामा | ५,८७,९८,७२९/ |
| ३ | झाक एण्ड यति इन्टरप्राइजेज | श्री स्वयम्भुरत्न तुलाधर | ५,५२,७९,८०४/ |

## आर्थिक वर्ष २०६२/६३ मा
## विभिन्न हस्तकला वस्तु समूहमा उत्कृष्ट निकासीकर्ताहरु

| क्र.सं. | निकासी गर्ने कम्पनी/ प्रतिनिधि | हस्तकला वस्तु समूह | निकासी परिमाण रु. |
|---|---|---|---|
| १ | एभरेष्ट पश्मिना निटिङ्ग एण्ड विभिङ्ग इन्डष्ट्री, श्री कर्केनकुमार गुरुङ | पश्मिना वस्तु समूह | १०,१०,८०,८९०/ |
| २ | न्यू हिमालय आकाश एक्सपोर्टस्, श्रीमती मीना कार्की | चाँदी गहना/वस्तु समूह | ४,७१,३४,३८९/ |
| ३ | बगमति आर्ट एण्ड क्राफ्ट, श्री सत्यलाल श्रेष्ठ | ऊनी वस्तु समूह | ४,४३,८९,२४२/ |
| ४ | नेपाली पेपर प्रोडक्टस् प्रा.लि., श्री विष्णुप्रसाद श्रेष्ठ | ह्राते कागज वस्तु समूह | ३,३५,३०,८४३/ |
| ५ | लक्ष्मी उड क्राफ्ट उद्योग, श्रीमती लक्ष्मी शर्मा | हाडसिङ्ग वस्तु समूह | १,५२,०७,६७७/ |
| ६ | ईको हिमाल बुनाई, श्री शक्तिबाबु श्रेष्ठ | हेम्प वस्तु समूह | १,२७,९४,७९४/ |
| ७ | कैलाश एक्सपोर्टस्, श्री कताक लामा | धातुजन्य वस्तु  समूह | १,३८,२७,७६९/ |

यसैगरी उक्त अवसरमा महासंघका सदस्यहरुमध्येमा उत्कृष्ट उद्यमी याक एण्ड यति इन्टरप्राइजेज का श्री स्वयम्भूरतन तुलाधर, उत्कृष्ट कलाकार श्री पूर्णकाजी शाक्य र महासंघका उत्कृष्ट कर्मचारी श्री रबिन्द्रनाथ श्रेष्ठलाई प्रमुखबाट कदरपत्र तथा उपहार प्रदान गरी सम्मान गरिएको थियो । महासंघले यस आर्थिक वर्षदेखि गैन्ह सदस्यहरुमध्येमा अत्याधिक रकमको हस्तकला वस्तु निकासी गर्ने कृष्ण पश्मिना आर्टसका श्री सन्तोष ढुङ्गेललाई पनि कदरपत्र तथा उपहार प्रदान गरी विशेष सम्मान गरेको छ ।

२०६४ जेष्ठ ७ गते नव निर्वाचित अध्यक्ष, पदाधिकारी लगायत सम्पूर्ण कार्यसमिति सदस्यहरुलाई महासंघमा स्वागत गरियो । सो क्रममा नव निर्वाचित पदाधिकारी लगायत सम्पूर्ण कार्यसमिति सदस्यहरुलाई फुलको गुच्छा, टीका तथा सगुन सहित कार्यकारी सचिव लगायत महासंघका सम्पूर्ण कर्मचारीहरुद्वारा स्वागत गरिएको थियो । उक्त अवसरमा नवा निर्वाचित पदाधिकारी, का.स. सदस्यहरु तथा महासंघका कर्मचारीहरुबीच आपसी परिचय आदान प्रदान भयो ।

## महासंघका नव निर्वाचित पदाधिकारी तथा कार्य समिति सदस्यको सम्मान तथा बधाई कार्यक्रम

यस महासंघको २७ औं वार्षिक साधारण सभाबाट आगामी २ वर्षका लागि श्री पुष्करमान शाक्यको अध्यक्षतामा नयाँ कार्यकारिणी समिति गठन गरिएको छ । नवनिर्वाचित पदाधिकारी तथा सम्पूर्ण कार्यसमिति सदस्यहरुको सम्मान तथा बधाईका लागि यस महासंघको संस्थागत सदस्य ललितपुर हस्तकला संघको आयोजनामा २०६४ जेष्ठ १३ गते ललितपुरमा एक स्वागत कार्यक्रमको आयोजना गरियो । उक्त अवसरमा उक्त संघका अध्यक्ष श्री चैत्यात्न शाक्य लगायत पदाधिकारी तथा कार्यसमिति सदस्यहरुले माला, टीका तथा फुलको गुच्छा अर्पण गरी महासंघका नवनिर्वाचित अध्यक्ष, पदाधिकारी लगायत सम्पूर्ण कार्यसमिति सदस्यहरुको स्वागत गरियो । सो क्रममा स्वागत मन्तव्य व्यक्त गर्दै श्री चैत्यरत्न शाक्यले हस्तकला उद्योग व्यवसायको विकास एवं प्रबर्द्धनका लागि नयाँ कार्यसमितिले सशक्त भूमिका निर्वाह हुने अपेक्षा गर्दै तिनको कार्यकालको पूर्ण सफलताको कामना गर्नुभयो । उक्त अवसरमा मन्तव्य व्यक्त: गर्दै उक्त संघका सल्लाहाकार एवं यस महासंघका पूर्व अध्यक्ष श्री इन्द्रबहादुर शाक्यले अधिराज्यव्यापी रुपमा रहेका हस्तकला उद्योगको विकास तथा निकासी प्रवर्द्धन गर्न नयाँ कार्यसमितिले महत्वपूर्ण योदान पुऱ्याउने अपेक्षा गर्दै स्थानिय हस्तकलाको विकासका लागि जिल्ला जिल्लामा हस्तकला संघ एवं वस्तुगत संघहरु प्रबर्द्धन गनुपर्ने विचार व्यक्त गर्नुभयो । यसैगरी यस महासंघका पूर्व अध्यक्ष एवं ललितपुर उद्योग वाणिज्य संघ तदर्थ समिति संयोजक श्री कल्याणकृष्ण ताम्रकारले हस्तकला उद्योग एवं व्यवसायको व्यवस्थित विकासका लागि हस्तकला डिजाइन केन्द्र, हस्तकला ग्राम तथा हस्तकला बिक्री कक्षहरुको प्रभावकारी एवं संस्थागत विकास गर्दै जानुपर्ने बताउनु भयो । उक्त अवसरमा नेपाल उद्योग वाणिज्य महासंघका द्वितीय उपाध्यक्ष श्री कुशकुमार जोशी, नेपाल चेम्बर अफ कमर्सका प्रथम उपाध्यक्ष श्री सुरेस कुमार बस्नेत, व्यपार तथा निर्यात प्रबर्द्धन केन्द्रका निमित्त कार्यकारी निर्देशकले महासंघका नवनिर्वाचित पदाधिकारी लगायत सम्पूर्ण कार्यसमिति सदस्यहरुको आगामी कार्यकायलको पूर्ण सफलताको कामना गर्दै बघाई ज्ञापन गर्नुभयो । सो क्रममा उहाँहरुले समग्र हस्तकला उद्योग व्यवसाय तथा निकासी प्रबर्द्धनका लागि अझ सशक्त रुपमा लाग्नुपर्ने धारणा राख्दै महासंघको प्रबर्द्धनात्मक कार्यमा सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्न भएको थियो । उक्त अवसरमा नवनिर्वाचित पदाधिकारी लगायत सम्पूर्ण कार्यसमिति सदस्यहरुको सम्मानमा यस स्वागत

कार्यक्रमको आयोजना गरेकोमा महासंघ र कार्यसमितिको तर्फबाट धन्यवाद व्यक्त: गर्दै अध्यक्ष श्री पुष्करमान शाक्यले समग्र हस्तकला उद्योग व्यवासाय तथा व्यसायीहरुको हित प्रबर्द्धनका लागि नयाँ कार्यसमितिले सशक्त भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्दै सम्बद्ध सबै क्षेत्रबाट सकारात्मक सहयोगका लागि आग्रह गर्नुभयो । सो कार्यक्रमको अन्तमा उक्त संघका उपाध्यक्ष श्री रुपरत्न शाक्यले उपस्थित सम्पूर्ण महानुभावहरु लगायत कार्यक्रमलाई साहार्दपूर्ण वातावरणमा सम्पन्न गर्न सहयोग गर्ने सबैमा धन्यवाद ज्ञापन गर्नुभयो ।

## मकवनपुर उद्योग वाणिज्य संघका प्रतिनिधिमण्डलद्वारा महासंघको अध्ययन अवलोकन भ्रमण

मकवानपुर जिल्लामा संचालित उद्योग व्यवसायको विकास तथा त्यसमा सम्बद्ध उद्योगी व्यवसायीहरुको हित प्रबर्द्धनका लागि मकवानपुर उद्योग वाणिज्य संघले विभिन्न गतिविधिहरु संचालन गर्दै आएको छ । यस संघले स्थानिय उद्यमी व्यवसायीहरुको आवश्यकता अनुसार व्यवसीथतएवं प्रभावकारी प्रशिक्षण दिई तहाँका स्थानिय उद्यमी व्यवसायीहरुमा वस्तु उत्पादन दक्षता अभिबृद्धि गरी स्वरोजगारको अवस प्रदान गर्ने उद्देश्यले सीप प्रशिक्षण एकाईको स्थापना गरेको छ । यस क्रममा विभिन्न संघ संस्थाहरुको स्थलगत अध्ययन अवलोकन गरी प्रभावकारी प्रशिक्षण संचालन तथा उत्पादित वस्तुको बजार विकास सम्बन्धी जानकारी हासिल गर्ने उदेश्यले उक्त संघका पदाधिकारी एवं कार्यसमिति सखस्य सम्मिलित ९ सदस्यीय प्रतिनिधिमण्डलद्वारा २०६४ जेष्ठ १४ गते यस महासंघको अध्ययन अवलोकन गरियो । उक्त अवसरमा आयोजित एक कार्यक्रमको प्रारम्भमा महासचिव श्री धर्मराज शाक्यले प्रतिनिधिमण्डललाई यस महासंघमा स्वागत गर्नभयो । सो क्रममा उहाँले हस्तकला उद्योग व्यवसायको समग्र विकास तथा प्रबर्द्धनलाई महासंघले स्थापनाकालदेखि विभिन्न प्रबर्द्धनात्मक भूमिका निर्वाह गर्दै आएको चर्चा गर्दै यस महासंघ तथा यस अन्तर्गत स्थापित हस्तकला डिजाइन तथा विकास केन्द्रको कार्य एवं सेवाबारेमा जानकारी प्रस्तुत गर्नुभयो । उक्त संघका द्वितीय उपाध्यक्ष श्री भुवनलाल श्रेष्ठले भ्रमणको बारेमा प्रकाश पार्दै त्यस संघको उद्देश्य, लक्ष्य एवं भावी अपेक्षाबोमा प्रकाश पार्नुभयो । सो क्रममा उक्त संघका कोषाध्यक्ष श्री सुरेन्द्र श्रेष्ठले तहाँ स्थापित सीप प्रशिक्षण एकाईको बारेमा प्रकाश पार्दै Training for Employment Project (TFEP) को सहयोग तथा मकवानपुर जिल्लास्थित सरकारी, गैऱ्ह सरकारी तथा स्थानिय निकायको संयुक्त पहलमा विगत केही महिनादेखि बाँस हस्तकलाका वस्तु उत्पादन सम्बन्धी प्रशिक्षण संचालन गर्दै आएको बताउनु भयो । प्रस्तुतीको क्रममा उहाँले कमवानपरमा स्थानिय रुपमा उत्पादित बेतबान्स, छ्वाली तथा बुनाईजन्य हस्तकला वस्तुको वस्तुस्थितिबारेमा जानकारी गराउँदै भ्रमणबाट सहकार्यको अवसर सिर्जना भई तहाँ उत्पादित हस्तकला वस्तुको व्यवसायिक प्रबर्द्धनमा टेवा पुग्ने अपेक्षा गर्नुभयो । कार्यक्रममा महासंघमा आबद्ध बेतबाँसजन्य वस्तु सम्बन्धी व्यवसायमा संलग्न व्यवसायीहरु, महासंघका कार्यकारी सचिव तथा अन्य कर्मचारीहरुको उपस्थिति रहेको थियो । कार्यक्रम संचालनको क्रममा सहभागीहरुबीच बेतबाँसजन्य वस्तु उत्पादन प्रविधि तथा यस व्यवसायमा विद्यमान समस्याहरुबारेमा अनुभव आदान प्रदान गरिएको थियो । यस क्रममा बाँसजन्य हस्तकला वस्तुको व्यवसायिक विकासका लागि आन्तरिक बजार प्रबर्द्धनमा ध्यान दिनुवपर्ने, उपभोक्ताहरुको चाहना एवं माग अनुरुप वस्तु उत्पादन गर्नुपर्ने तथा उपयुक्त माध्यमबाट वस्तुको बिक्री वितरण गर्नुपर्ने जस्ता सुझावहरु व्यक्त: गरिएको थियो । अन्तमा भ्रमण टोलीलाई महासंघ गतिविधि तथा अन्य उपयोगी जानकारी प्रदान गरिएकोमा उक्त संघका कार्य समिति सदस्य श्री विमल डकालले धन्यवाद ज्ञापन गर्नुभयो ।

## *संस्थागत सदस्य संघहरुको गतिविधि सम्बन्धी जानकारी, उपयोगी लेख, रचनाहरु उपलब्ध गर्ने सम्बन्धमा महासंघको सूचना*

महासंघको गतिविधि लगायत हस्तकला उद्योग व्यवसायसंग सम्बन्धित नीति, नियम, प्रविधि, व्यापार मेला एवं अन्य उपयोगी विषयमा जानकारी गराई सदस्य महानुभावहरुको व्यवसाय प्रबर्द्धनमा टेवा पुऱ्याउन यस महासंघले मासिह रुपमा हस्तकला समाचार (मुखपत्र) र त्रैमासिक रुपमा क्राफ्ट न्यूज प्रकाशित गर्दै आएको व्यहोरा सम्पूर्ण सदस्य महानुभावहरुमा विदितै छ । यस सन्दर्भमा महासंघको समाचार पत्रहरुमा प्रकाशित विवरण तथा जानकारीहरु सदस्य महानुभावहरुलाई कतिको सान्दर्भिक एवं उपयोगी छ र यसलाई अझ कसरी जानकारीमूलक बनाउन सकिछ, यसबारेमा यहाँहरुको कुनै सुझावहरु भएमा यस महासंघको सूचना कक्षमा उपलब्ध गरउान हुन अनुरोध गरिन्छ । यसैगरी यस महासंघमा आबद्ध संस्थागत सदस्यहरु (जिल्ला हस्तकला संघ र वस्तुगत संघहरु) ले पनि आ-आफ्नो संघहरुको समसामयिक गतिविधि सम्बन्धी जानकारी गराउनु भएमा अनुकुलता अनुरुप महासंघको समाचार पत्रमा प्रकाशित गर्ने व्यहोरा जानकारी गराउँदछौं । साथै हस्तकला उद्योग, व्यवसाय, निकासी प्रबर्द्धन तथा अन्य सम्बन्धित कुनै उपयोगी लेख, रचनाहरु भएमा सदस्य महानुभावहरुले यस महासंघको सूचना कक्षमा उपलब्ध गराउन हुन समेत महासंघ हार्दिक अनुरोध गर्दछ ।

## ☞ जानकारी

### चीन नेपाल सीधा कार्गो सेवा संचालनको तयारी

नेपाल चीनबीचको आपसी वाणिज्य तथा व्यापार सम्बन्ध विस्तार गर्न विभिन्न समयमा विभिन्न प्रयासहरु हुँदै आएको छ । यस सन्दर्भमा आवश्यक व्यवस्था गर्न दुई मुलुकका सम्बन्धित अधिकारी तथा व्यापारिक प्रतिनिधिहरुबीच छलफल तथा वार्ता हुने गरेको छ । यसैगरि दुई मुलुकहरुबीच व्यापार तथा पर्यटन उद्योग प्रवर्द्धनका लागि विभिन्न समयमा व्यापार मेला एवं प्रदर्शनीको आयोजना गर्दै आएको छ । यस क्रममा आपसी व्यापारलाई सहज बनाउन चीनको सबभन्द ठूलो रेलवे कम्पनीले बेइजिङबाट काठमाडौंसम्म कार्गो सेवा संचालनका लागि तयारी गरिरहेको जनाइएको छ । यस सिलसिलामा चाइना रेलवे एक्सप्रेस लजिस्टिक सर्भिसले आवश्यक प्रक्रिया पुरा गर्न बेइजिङस्थित नेपाली दूतावासमार्फत कार्यहरु अघि बढाइरहेको जनाइएको छ ।

सम्बन्धित निकायका अनुसार सो सेवा संचालन भएमा कार्गो ढुवानी बेइजिङबाट तिब्बतको ल्हासा र ल्हासाबाट जाङमु - खासा सीमा हुँदै काठमाडौंसम्म सहज रुपमा पाँच दिनमा पुऱ्याउन सक्ने बताइएको छ । साथै यस सेवा संचालन भएपछि नेपालबाट युरोप तथा अमेरिकी बजारमा चिनियाँ पोर्ट हुँदै नेपाली वस्तुहरु तथा सीपमेन्ट सहज तथा छिटो पठाउन सक्ने कम्पनीले जनाएको छ । करीब दुई बर्ष अगाडिदेखि नेपाल र तिब्बतबीच सीधा यात्रुबाहक बस सेवा संचालन हुँदै आएकोमा आगामी दिनमा सीधा माल बाहक ढुवानी (कार्गो) सेवा संचालनबाट आपसी व्यापार गतिविधि सहज एवं तीब्र भई नेपाल र चीनबीचको व्यापारिक सम्बन्ध अझ प्रगाढ हुने अपेक्षा गरिएको छ ।

### औद्योगिक प्रदर्शनी तथा १८औं राष्ट्रिय उच्कृष्ट घरेलु उद्यमी पुरस्कार कार्यक्रम

प्रदर्शनीको माध्यमबाट अधिराज्यका विभिन्न जिल्ला तथा क्षेत्रहरुमा उत्पादित हस्तकला तथा शीपमूलक वस्तुहरुको प्रचार प्रसार गर्ने तथा सम्बन्धित क्रेता बिक्रेता बीच प्रत्यक्ष सम्पर्क गराई तिनको बजार प्रबर्द्धन गर्ने र उत्कृष्ट उद्यमीहरुको सीप एवं उद्यमशिलताको राष्ट्रिय स्तरमा सम्मान गर्ने उद्देश्यले घरेल तथासाना उद्योग विकास समितिले प्रत्येक वर्ष औद्योगिक प्रदर्शनी तथा उत्कृष्ट घरेलु उद्यमी पुरस्कार कार्यक्रमको आयोाजना गर्दै आएको छ । यस सन्दर्भमा समितिद्वारा २०६३ चैत्र १६ देखि २० गतेसम्म आयोजना गर्ने भनिएको औद्योगिक प्रदर्शनी तथा १८औं राष्ट्रिय उत्कृष्ट घरेलु उद्यमी पुरस्कार कार्यक्रम यहि २०६४ आषाढ ७ देखि ११ गतेसम्म भृकुटीमण्डप, काठमाडौंमा आयोजना गरिने भएको छ । विगत केही वर्षदेखि उत्कृष्ट उद्यमीहरु मध्येबाट नेपष्ल उद्योग वाणिज्य महासंघले सर्वोत्कृष्ट र नेपष्ल घरेलु तथा साना उद्योग महासंघ, नेपाल चेम्बर अफ कमर्स र नेपाल हस्तकला महासंघले पनि विशेष पुरस्कार प्रदान गर्दै आएको छ । यस आ.व. देखि राष्टि  य लघु उद्यमी समूह संघले पनि एक जना लघु उद्यमीलाई विशेष पुरस्कार प्रदान गर्ने लक्ष्य लिएको जनाइएको छ ।

यस औद्योगिक प्रदर्शनी तथा उत्कृष्ट उद्यमी पुरस्कार कार्यक्रमलाई बढी सहभागितामूलक, प्रभावकारी तथा प्रतिस्पर्धात्मक बनाउन अधिराज्यभरका उद्यमी व्यवसायीहरुद्वारा उत्पादित वस्तुहरु कार्यक्रममा सहभागी गराउने नीति लिइएको छ । सहभागी हुने उद्यमीहरुले आफ्नो उत्पादित सामान घरेलु तथा साना उद्योग विभार समितिका जिल्लास्थित कार्यालयहरुद्वारा फर्म भरी नमूना प्रमाणित गराई ल्याउनु पर्नेछ । कार्यक्रममा सहभागी हुन चाहने उद्यमीहरुले आयोजकले तय गरिएको फर्ममा उल्लेख गरिए बमोजिम वस्तुको सम्पूर्ण विवरण भरेर सम्बन्धित सम्पर्क कार्यालयमा प्रदर्शनी आयोजना हुने मिति भन्दा एक महिना अगाडि र तोकिएको सम्पर्क कार्यालयहरुले प्रदर्शनी आयोजना हुने मितिभन्दा १५ दिन पहिले घरेलु तथा साना उद्योग विकास समितिको प्रधान कार्यालय त्रिपुरेश्वरमा आइपुग्ने गरी पठाउनु पर्नेछ ।
यस राष्ट्रिय उत्कृष्ट घरेलु उद्यमी पुरस्कार कार्यक्रममा देहायका वस्तु समूहहरु समावेश गरिएको छ ।

१. पश्मिना तथा ऊनी वस्तु समूह
२. ढाका कपडा समूह
३. तयारी पोशाक समूह
४. धातुबाट निर्मित कलात्मक वस्तु समूह
५. बाँसजन्य वस्तु समूह
६. ढुङ्गा माटो वस्तु समूह
७. छाला वस्तु समूह
८. काष्ठकला (Wood Craft) वस्तु समूह
९. अन्य वनजन्य वस्तु समूह
१०. ऊनी गलैंचा तथा राडीपाखी वस्तु समूह
११. हाते कागज वस्तु समूह
१२. खाद्य तथा पेय वस्तु समूह
१३. विविध वस्तु समूह आदि ।

# Tourists Arrivals By Air

## January - April, 2007

| S.No | Country of Nationality | April 2006 | April 2007 | % Change | % Share '07 April | January-April 2006 | January-April 2007 | % Change | % Share '07 Jan-April |
|---|---|---|---|---|---|---|---|---|---|
| ASIA (SAARC) | Bangladesh | 177 | 537 | 203.39 | 1.6 | 1,644 | 2,017 | 22.69 | 1.7 |
| | India | 3,849 | 8,078 | 109.87 | 24.5 | 23,110 | 28,999 | 25.48 | 25.0 |
| | Pakistan | 96 | 261 | 171.88 | 0.8 | 495 | 858 | 73.33 | 0.7 |
| | Srilanka | 26 | 116 | 346.15 | 0.4 | 266 | 496 | 86.47 | 0.4 |
| ASIA (OTHER) | China | 330 | 1,211 | 266.97 | 3.7 | 2,392 | 4,827 | 101.80 | 4.2 |
| | Japan | 1,025 | 1,951 | 90.34 | 5.9 | 6,363 | 9,648 | 51.63 | 8.3 |
| | Malaysia | 160 | 304 | 90.00 | 0.9 | 955 | 1,414 | 48.06 | 1.2 |
| | Singapore | 141 | 256 | 81.56 | 0.8 | 749 | 785 | 4.81 | 0.7 |
| | S. Korea | 244 | 677 | 177.46 | 2.1 | 2,809 | 5,482 | 95.16 | 4.7 |
| | R.O.C (Taiwan) | 160 | 377 | 135.63 | 1.1 | 1,700 | 2,060 | 21.18 | 1.8 |
| | Thailand | 386 | 1,031 | 167.10 | 3.1 | 1,302 | 2,248 | 72.66 | 1.9 |
| EUROPE | Austria | 318 | 294 | (7.55) | 0.9 | 853 | 858 | 0.59 | 0.7 |
| | Belgium | 266 | 323 | 21.43 | 1.0 | 767 | 1,159 | 51.11 | 1.0 |
| | Denmark | 127 | 246 | 93.70 | 0.7 | 416 | 790 | 89.90 | 0.7 |
| | France | 1,295 | 2,051 | 58.38 | 6.2 | 3,587 | 5,280 | 47.20 | 4.6 |
| | Germany | 914 | 1,678 | 83.59 | 5.1 | 3,446 | 5,479 | 59.00 | 4.7 |
| | Israel | 416 | 452 | 8.65 | 1.4 | 1,086 | 1,362 | 25.41 | 1.2 |
| | Italy | 493 | 855 | 73.43 | 2.6 | 1,728 | 2,570 | 48.73 | 2.2 |
| | Netherlands | 398 | 646 | 62.31 | 2.0 | 1,300 | 1,864 | 43.38 | 1.6 |
| | Norway | 106 | 121 | 14.15 | 0.4 | 314 | 592 | 88.54 | 0.5 |
| | Switzerland | 217 | 288 | 32.72 | 0.9 | 677 | 986 | 45.64 | 0.9 |
| | Spain | 637 | 700 | 9.89 | 2.1 | 1,528 | 2,107 | 37.89 | 1.8 |
| | Sweden | 63 | 211 | 234.92 | 0.6 | 249 | 520 | 108.84 | 0.4 |
| | U.K. | 2,196 | 3,173 | 44.49 | 9.6 | 6,430 | 9,170 | 42.61 | 7.9 |
| OCEANIA | Australia | 683 | 906 | 32.65 | 2.7 | 2,099 | 3,023 | 44.02 | 2.6 |
| | New Zealand | 172 | 158 | (8.14) | 0.5 | 400 | 426 | 6.50 | 0.4 |
| United St. AMERICA | Canada | 306 | 568 | 85.62 | 1.7 | 1,114 | 1,923 | 72.62 | 1.7 |
| | U.S.A. | 1,031 | 1,986 | 92.63 | 6.0 | 4,911 | 7,434 | 51.37 | 6.4 |
| | OTHERS | 2,233 | 3,569 | 59.83 | 10.8 | 8,911 | 11,504 | 29.10 | 9.9 |
| | Total | **18,465** | **33,024** | 78.85 | 100.0 | **81,601** | **115,881** | 42.01 | 100.0 |

**Source: Nepal Tourism Board,** Immigration Office, TIA

# Is e-business the business?

There specific e-business applications exporters targeting Europe should focus on? To help SMEs in developing countries find answers to these questions, the CBI has begun to analyse the e-business potential of some 20 sectors. The ultimate aim is to develop a practical system for monitoring relevant e-business developments per sector. The first study focussed on the Pipe and Process Equipment sector. The CBI is also planning a number of sector-specific workshops on e-business. The first one took place in India this February.

What is e-business, anyway? Primarily, it is a business model based on the application of Internet technology to relevant business processes. It can cover both internal and external processes:
• Externally oriented processes (e-commerce), involving exchanges among customers, business partners and the vendor. For example, a supplier interacts with a manufacturer, a customer interacts with a sales representative and a shipment provider interacts with a distributor;
• Internal processes, such as production, inventory management, product development, risk management, finance, strategy development, knowledge management and human resources.

**Standard versus complex products**
The first CBI study on the pipe and process equipment sector, showed that the e-business potential for a company depends largely on the strategic importance of its product and the complexity of the suppliers market. In the pipe and process equipment sector, products had to be divided into two groups: standard products and complex, customised products. For instance, e-business techniques such as web-based collaboration and online production status information are more important for complex customised products than for standard products.

**E-marketplaces**
In an online questionnaire among EU buyers that was part of the survey, almost 14% of the respondents said they already use and will continue to use electronic marketplaces and trade leads to do business with SMEs supplying Pipe and Process Equipment from developing countries. Over 44% of the respondents indicated that they intend to make use of electronic marketplaces in the future.
Here are some online marketplaces, some of which were mentioned by respondents:
• Alibaba - www.alibaba.com
• Ariba – www.freemarkets.com
• Gulfoilandgas - www.gulfoilandgas.com
• Spaix – http://spaix.net
• SteelTubesTrade –www.steeltubestrade.net
• Tube First - www.tubefirst.com
• Tubenet - www.tubenet.org
• Water Online - www.wateronline.com
• Water-waste-environment-marketplace www.water-waste-environment-marketplace.com
EU experts mentioned a preference for marketplaces aimed exclusively at a specific range of products. A website that provides quality information on marketplaces in the B2B segment is www.emarketservices.com. This website provides case studies on companies who have practical experience with e-marketplaces as well as sector-specific industry reports. Another interesting feature of this website is its directory of e-marketplaces around the world.

**Other applications**
Online marketplaces are not the only form of e-business current in this sector. Here are some other applications EU experts suggest may be useful for exporters from developing countries:

• Search engine marketing. Obtain a high ranking with search engines in order to become visible on the Internet. For more information about search engine marketing, check the CBI manual on ‘How to promote your website in the EU (www.cbi.eu/marketinfo).

• Publish success stories and track records online to convince potential clients. For a good example of a success story, go to http://grundfos.com/web/grfosweb.nsf and click on ‘Products and solutions’ and then on ‘Case stories’.

• Present certificates on your website, particularly for products of strategic value. A good example can be found on www.piping.georgfischer.com. Click on ‘Company’ in the navigation bar first and then on ‘Certifications’ in the left-hand navigation section.

• Shipment notification and tracking and tracing. Tell clients when their products have been shipped and inform them on the whereabouts of products in the logistical chain.

• Publish online prototypes/CAD-CAM drawings on the Internet. For a client, it is important to know what the deliverables consist of. For an example of CAD/CAM drawings on a website, check www.flygt.co.uk. Click on ‘Engineering’, ‘Technical product information’ and ‘Dimensional drawings’ successively.

• Up-to-date maintenance manuals are highly appreciated by clients. An example can be found on www.tycoflowcontrol-eu.com (Click on ‘Literature’, then on ‘Installation and maintenance’).

• Use the Internet for market research to find complete market reports, long lists of potential clients and information on competitors. An analysis of website visitors can give you vital information for export marketing. For more information, download the CBI manual on web-based market research, ‘Digging for gold’ (www.cbi.eu/marketinfo).

• Information on an EU buyer website, obtainable through a so-called purchase partner application form, can provide you with valuable opportunities for contacting potential clients as well as giving you information on their requirements. A good example of information on an EU buyer website can be found on www.ksb.com. Click on ‘Corporate’ first, then on ‘Procurement’.

• Have a Frequently Asked Questions (FAQ) section on your website. For a good example, check http://grundfos.com/web/grfosweb.nsf. Click on ‘Service’ and then on ‘Service FAQs’.

• A quality online product catalogue is very important. A good catalogue contains exhaustive and detailed product information and drawings. For a good example of an online product catalogue, try www.ritz.de/de/frames.php.
For a complete overview of the EU buyer and expert comments on e-business techniques that emerged in this survey, please check the CBI website at www.cbi.eu/marketinfo and select pipe and pipe related equipment and EU. Go to ‘sector surveys’ and download ‘e-business in the pipe and process equipment sector’.

**Exporters’ findings**
In addition to EU buyers and experts, the CBI survey also involved exporters currently enrolled in the CBI’s export development programme (EDP) for Pipe and Process Equipment. They filled out a questionnaire on e-business applications they already use or would consider using in the future.
The most important applications currently in use among these exporters (over 75% of the respondents) are a product catalogue and online information on certification. Both applications enjoy considerable success.
The two most important e-business technologies for the future, according to the EDP participants, are invoicing by electronic transaction processing and the use of electronic settlement techniques. Interestingly, e-shops are not at all in use in this sector, although 33% of the respondents do regard them as a future possibility. The same applies to chat rooms: these are not in use either, but 44% of the respondents consider them a good possibility for the future.

**Gap analysis**
A number of e-business applications put forward by EU experts as being important are not yet, or scarcely, in use among EDP participants:
• Shipment notification;
• Tracking and tracing;
• FAQ form on company website;
• Maintenance manuals;
• Web-based collaboration / document sharing;
• Application forms from buyers’ websites for potential suppliers.
For a complete overview of the EDP participants’ comments, please check the CBI website at www.cbi.eu/marketinfo and select pipe and pipe related equipment and EU. Go to ‘sector surveys’ and download ‘e-business in the pipe and process equipment sector’.

(Source: CBI News Bulletine, March, 2007)

# विविध संघ संस्थाको वाणिज्य गतिविधिहरु

## नेपाल उद्योग वाणिज्य महासंघको ४१ औं वार्षिक सभा

अधिराज्यभरीका औद्यागिक तथा व्यापारिक प्रतिष्ठान एवं संघ संस्थाहरुको प्रतिनिधिमूलक संस्था, ने.उ.वा.महासंघको ४१ औं वार्षिक साधारण सभा २०६४ जेष्ठ २० र २१ गते काठमाडौंमा सम्पन्न भयो । उक्त सभामा अधिराज्यभरका औद्योगिक व्यापारिक प्रतिष्ठान/संघ संस्था, जिल्ला तथा नगर स्तरीय उद्योग वाणिज्य संघ, वस्तुगत संघ, द्विराष्ट्रिय उद्योग वाणिज्य संघका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । महासंघको साधारण सभाको अवसरमा देशको वर्तमान उद्योग, वाणिज्य तथा अर्थतन्त्रको वस्तुस्थिति तथा तिनको सुधार सम्बन्धमा सहभागीहरुबीच व्यापक छलफल भई आगामी दिनमा देशमा दीगो शान्ति तथा आर्थिक समृद्धिका लागि सरकार  एवं नीजि क्षेत्रबाट चालिनु पर्ने कदम तथा गरिनु पर्ने पहल सम्बन्धमा छलफल भएको जनाइएको छ । सो क्रममा सहभागी व्यवसायीहरुले अबको व्यापार, व्यवसाय र उद्योग विश्वव्यापीकरणको दृष्टिकोण अनुरुप चाल्नुपर्ने बताउँदै सरकारले सुशासनको प्रत्याभूति दिई निजी क्षेत्रको साधन र स्रोतलाई सहज परिचालन गर्ने वातावरण बनाउनुपर्ने, उद्योग तथा व्यवसायीमा मैत्री वातावरण कायम गर्नुपर्ने तथा सरकार र नीजि क्षेत्र साझेदारीका आधारमा अघि बढ्नुपर्ने जस्ता कुरामा सरकारको ध्यानाकर्षण गरेका थिए । उक्त अवसरमा सभालाई सम्बोधन गर्दै अन्तरिम व्यवस्थापिका संसदका सभामख सुभाषचन्द्र नेम्बाडले देशमा दीगो शान्ति सुरक्षा कायम हुन नसक्नु र लामो समयसम्म संसद अवरुद्ध भएको कारण आर्थिक क्षेत्रसंग सम्बन्धित महत्वपूर्ण कानूनी पूर्वाधारहरु तयार गर्न नसकिरहेको बताउँदै दीगो शान्ति सुरक्षाको बहाली गरी देशको समग्र सामाजिक तथा आर्थिक विकासलाई सुव्यवस्थित गर्न सरकार तत्पर रहेको बताउनु भयो । साथै उहाँले औद्योगिक, व्यापार व्यवसायमा विद्यमान समस्या निराकरण गरी उद्योग व्यवसायको प्रबर्द्धनका लागि सरकारको तर्फबाट सक्दो सहयोग गर्ने बताउनु भयो । उक्त अवसरमा सूर्य नेपाल प्रा.लिलाई ने.उ.वा.महासंघ सर्वोत्कृष्ट पुरस्कार (FNCCI National Excelence Award) प्रदान गरियो । यसैगरी उक्त अवसरमा उत्कृष्ट कार्य सम्पादन गर्ने महासंघका सदस्य उद्योग वाणिज्य संघहरु, वस्तुगत संघहरु तथा द्विराष्ट्रिय उद्योग वाणिज्य संघहरुलाई पनि कदर पत्र प्रदान गरी सम्मान गरिएको थियो । सो अवसरमा यस महासंघलाई वस्तुगत संघहरुमध्येमा उत्कृष्ट घोषित गरी सम्मान गरियो ।

उक्त अवसरमा उक्त महासंघका अध्यक्ष श्री चण्डीराज ढकालले राजनीतिक पुनरसंरचनाले मात्र देशको विकास संभव नहुने चर्चा गर्दै नयाँ नेपाल निर्माणका लागि समयसापेक्ष रुपमा सामाजिक एवं आर्थिक संरचनामा परिवर्तन गर्दै जानुपर्नेमा जोड दिनुभयो । यस क्रममा व्यवसायीहरुको वर्तमान आवश्यकता अघि सार्दै उहाँले सरकारको आगामी बजेटमा पुनरसंरचना, पुनर्स्थापना र पुनरसंयोजनमा जोड दिन आग्रह गर्नुभयो ।

## विश्व बौद्धिक सम्पत्ति दिवस, २००७ सम्पन्न

बौद्धिक सम्पत्तिको संरक्षण एवं सम्बर्द्धन गरी बौद्धिक सम्पत्तिलाई मर्यादित बनाई तिनको दुरुपयोगबाट विश्वलाई कुनै हानी नोक्सानी नपुगोस भन्ने उद्देश्यले विभिन्न समयमा समयसापेक्ष नीति, नियम तथा ऐनको तर्जुमा गरिँदै आएको पाइन्छ । प्रत्येक वर्ष मे महिनामा विश्व बौद्धिक दिवस मनाउँदै आएकोमा श्रृजनशीलताको प्रबर्द्धन गरौं भन्ने नारा सहित हालै नेपालमा पनि विश्व बौद्धिक सम्पत्ति दिवस, २००७ विभिन्न कार्यक्रम सहित सम्पन्न भयो । यस अवसरमा नेपाल उद्योग वाणिज्य महासंघ र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय/उद्योग विभागको संयुक्त तत्वावधानमा हालै काठमाडौंमा बौद्धिक सम्पत्ति संरक्षण सम्बन्धी एक अन्तरक्रियाको आयोजना गरियो । उद्योग वाणिज्य तथा आपर्ति मन्त्रालयका निमित्त सचिव श्रपि पुरुषोतम ओझाको प्रमख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा बौद्धिक सम्पत्तिको महत्व, उपयोग तथा यसको वस्तुस्थितिबारेमा जानकारी प्रस्तुत गरी नेपालले यसको उपयोग गर्न नसक्नु, आगमी दिनमा यसबाट के कसरी देशले अत्याधिक उपलब्धी हासिल गर्ने भन्ने सम्बन्धमा सहभागीहरुबीच छलफल भएको थियो । सो क्रममा आवश्यक चेतना एवं जागरणको अभावमा ७० बर्ष पहिलेदेखि नै नेपालमा बौद्धिक सम्पत्तिको कानूनी तथा प्रशासनिक शुरुवात भएता पनि नेपालले नगन्य मात्र लाभ उठाउन सकेको बताए ।

उक्त अवसरमा मन्तव्य व्यक्त गर्दै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका निमित्त सचिव श्री ओझाले बौद्धिक सम्पत्तिको जबसम्म प्रत्याभूति दिन सक्दैन तबसम्म विदेशी लगानी तथा प्रविधि आकर्षित नहने बताउँदै सरकार बौद्धिक सम्पत्तिको संरक्षणका लागि आवश्यक ऐन कानूनीको तर्जुमामा लागेको र हालसम्ममा औद्योगिक सम्पत्ति संरक्षण कानूनको मस्यौदा तयार गरिएको जानकारी गराउनुभयो । सो  क्रममा नेपाल विश्व व्यपार संगठनमा आबद्ध भएपछि बौद्धिक सम्पत्ति संरक्षणबाट लाभ उठाउन पेटेन्ट डिजाइन तथा ट्रेडमार्क दर्तालाई तिब्र पार्नुपर्ने सुझाव दिँदै उद्योग विभागका महानिर्देशक श्री राजेन्द ढुङ्गेलले बौद्धिक सम्पत्ति उपयोग क्षमता अभिबृद्धि गरी लघु, घरेलु तथा साना उद्योगहरुको विकास गरी देशको आर्थिक उन्नतिका लागि उद्योग विभागले बौद्धिक सम्पत्ति उपयोग क्षमता विकास कार्यक्रम संचालन थालनी गरेको जानकारी गराउनु भयो । यस कार्यक्रम अन्तर्गत बौद्धिक सम्पत्ति सम्बन्धी पुस्तिका तथा अन्य सामग्री प्रकाशन गरी प्रचार प्रसार गर्ने, चेतना अभिबृद्धि गर्ने, विद्यमान ऐन कानूनमा आवश्यक परिमार्जन तथा सरलीकरण गर्ने तथा अन्य समसामयिक गतिविधिहरु संचालन गर्ने बताउनु भयो । उक्त अवसरमा महासंघका द्वितीय उपाध्यक्ष श्री कुशकुमार जोशी, औद्योगिक प्रबर्द्धन समितिका सभापति श्री प्रदिपजङ्ग पाण्डे, नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष श्री सुरेन्द्रबीर मालाकार, घरेलु तथा साना उद्योग विभागका कार्यक्रम निर्देशक श्री विसु कुमार के.सी. ले बौद्धिक सम्पत्ति संरक्षणलाई सहज एवं प्रभावकारी बनाउने सम्बन्धमा आ-आफ्नो विचार एवं सुझाव व्यक्त गर्नुभयो ।

सम्बन्धित कुनै उपयोगी लेख, रचनाहरु भएमा सदस्य महानुभावहरुले यस महासंघको सूचना कक्षमा उपलब्ध गराउन हुन समेत महासंघ हार्दिक अनुरोध गर्दछ ।